# प्रदेशमा घरेलु हिंसा नियन्त्रण गर्ने सम्वन्धमा ब्यवस्था गर्न बनेको विधेयक

प्रस्तावनाः घरेलु हिंसाबाट पीडित तथा प्रभावित व्यक्तिको संरक्षण र परिपूरणको व्यवस्था गरी सम्मानपुर्वक बाँच्न पाउने अधिकारको रक्षा गर्न र समाजमा घरेलु हिंसा विरुद्ध शुन्य सहनशिलताको सिद्धान्त अवलम्बन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७५ बमोजिम प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u>(१) यस ऐनको नाम "घरेलु हिंसा नियन्त्रण ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले घरेलु हिंसा नियन्त्रण ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "घरेलु सम्बन्ध" भन्नाले वंशज, विवाह वा धर्मपुत्र वा धर्मपुत्री भएको वा संयुक्त परिवारको सदस्य, आश्रित वा कामदारको रुपमा एकै परिवारमा बसेका व्यक्तिहरुका बीचमा भएको सम्बन्ध सम्झनु पर्छ र सो शव्दले एउटै घरमा संयुक्त रुपमा बस्ने व्यक्तिहरुको सम्बन्ध समेतलाई जनाउँछ ।

(ग) "घरेलु हिंसा" भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्छ र सो शब्दले छाउपडी, बोक्सी प्रथा जस्ता कुरितिजन्य परम्परा अवलम्वन गरी दुरव्यवहारजन्य कार्यलाई समेत जनाउँछ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) "तोकिएको अधिकारी" भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको अधिकारीलाई सम्झनु पर्छ ।

(च) "पीडक" भन्नाले अन्यथा प्रमाणित नभएसम्म, घरेलु हिंसा गरेको भनी पीडितले दाबी गरेको व्यक्ति सम्झनु पर्छ र सो शब्दले घरेलु हिंसा गर्ने कार्यमा संलग्न रहेको अन्य व्यक्ति वा मतियारलाई समेत जनाउँछ ।

(छ) "पीडित" भन्नाले पीडकसँग घरेलु सम्बन्ध भै निजद्वारा गरिएको घरेलु हिंसाबाट पीडित भनी दाबी गर्ने व्यक्ति वा पीडाको अवस्थामा रहेको व्यक्ति सम्झनु पर्छ ।

(ज) "प्रभावित" भन्नाले पीडितसँग आश्रित वा घरेलु हिंसाबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा हानी, नोक्सानी वा असर पर्ने व्यक्ति सम्झनु पर्छ ।

(झ) "प्रहरी" भन्नाले कर्णाली प्रदेश प्रहरी सम्झनु पर्छ सो शब्दले प्रदेश प्रहरी गठन नहुँदासम्म कर्णाली प्रदेशमा कार्यरत नेपाल प्रहरीलाई समेत बुझ्नुपर्छ।

(ञ) "प्रदेश" भन्नाले कर्णाली प्रदेश सम्झनु पर्छ ।

(ट) "बालबालिका" भन्नाले १८ वर्ष मुनिका व्यक्ति सम्झनु पर्छ ।

(ठ) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ ।

३. <u>उजुरी र अभिलेख</u> राख्नेः (१) घरेलु हिंसा भएको भनि कसैले यस ऐन बमोजिम उजुरी दिन आएमा सम्बन्धित प्रहरी कार्यालयले उजुरी दर्ता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी दर्ता भएपछि अलग कक्षमा पीडितको घटना विवरण कागज तयार गरी तोकिएको ढाँचामा अभिलेख राख्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम उजुरी दर्ता भएपछि यथाशीघ्र प्रहरीको रोहवरमा पीडितको स्वास्थ्य परीक्षण र उपचार गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम स्वास्थ्य परिक्षण गर्दा पीडितको मानसिक अवस्था कमजोर भएको लागेमा यथाशीघ्र विशेषज्ञ चिकित्सकबाट परीक्षण र उपचार गराउनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम स्वास्थ्य परीक्षण र उपचार गर्दा लागेको खर्च पीडकबाट भराइनेछ

तर पीडकबाट असुल गर्न सम्भव नहुने भएमा त्यस्तो खर्च यस ऐन बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(६) यस दफामा भएको व्यवस्थाले कुनै सामाजिक संघ संस्थालाई पीडितको निवेदन लिन, घटना अभिलेख राख्न वा अन्य सहयोग गर्न रोक लगाएको मानिने छैन ।

(७) यस दफामा उल्लेख भए बमोजिमको प्रहरी कार्यालयको स्थापना नभएसम्म तोकिएको निकायले संघीय प्रहरी कार्यालयसँग समन्वय गरी आवश्यक कारवाही गर्न सकिनेछ ।

४. <u>संरक्षण अधिकृतको व्यवस्था:</u> (१) प्रहरीको प्रत्येक ईकाइ कार्यालयले तालिम प्राप्त एकजना अधिकृतलाई संरक्षण अधिकृत तोक्नुपर्नेछ। यसरी संरक्षण अधिकृत तोक्दा उपलब्ध भएसम्म महिलालाई तोक्नुपर्नेछ।

(२) संरक्षण अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) पीडितले दिएको उजुरी दर्ता गरी दफा ३ बमोजिम अभिलेख राख्ने र पीडितलाई कानूनी ब्यवस्था बारेमा सामान्य जानकारी दिने,

तर संरक्षण अधिकृतले उजुरी दर्ता गर्न इन्कार गरेमा तोकिएको माथिल्लो पदाधिकारी वा निकायमा निवेदन दिन सकिनेछ ।

(ख) पीडितलाई स्वास्थ्य सेवा, मनोसामाजिक विमर्श, सुरक्षित आवास, कानूनी सहायता लगायत तत्काल आवश्यक पर्ने सहायताको निःशुल्क व्यवस्था मिलाउने,

(ग) उजुरी दर्ता भएपछि छानबिन गरी तोकिए बमोजिमको कार्वाही प्रक्रिया अघि बढाउने,

(घ) आफ्नो कार्यक्षेत्रभित्र वा बाहिर कानूनी सहायता, सुरक्षित आवास, स्वास्थ्य उपचार, मनोसामाजिक विमर्श आदि कार्य गर्ने सेवा प्रदायकहरुको लगत राख्ने,

(ङ) पीडित स्वयम् उपस्थित् भई उजुरी दिन असमर्थ भई टेलिफोन, इमेल वा अन्य माध्यमबाट घटना जानकारी गराएमा अन्य सरकारी निकाय वा संस्थाको मद्दत लिई वा नलिई आफैं घटनास्थलमा उपस्थित भई यस ऐन वा प्रचलित कानून बमोजिम कारवाही प्रकृया अघि बढाउने,

(च) प्रारम्भिक छानवीनबाट पीडितलाई घरेलु हिंसा भएको विश्वसनीय आधार भएमा वा घरेलु हिंसा दोहोरिन सक्ने विश्वसनीय आधार भएमा सम्बन्धित स्थानीय तहको कार्यालय, नजिकको प्रहरी चौकी र सामाजिक संघसंस्थासँग समन्वय गरी पीडतलाई सुरक्षित आवासमा बस्ने व्यवस्था मिलाउने,

(छ) सम्वन्धित स्थानीय तहसँग समन्वय गरी सरकारी निकाय, संघ संस्था, स्वास्थ्यकर्मी, पत्रकार, घरेलु हिंसाको जोखिममा रहेका व्यक्ति, पीडित वा प्रभावित व्यक्ति समेतलाई तालिम दिन स्थानीय पाठयक्रम तयार गर्ने, तालीमको योजना बनाउने र कार्यान्वयन गर्ने कार्यमा पहल गर्ने,

(ज) अदालतको अन्तरिम संरक्षणात्मक आदेश वा फैसला कार्यान्वयनका लागि अदालत, प्रहरी, स्थानीय तह समेतसँग समन्वय गर्ने,

(झ) पीडितको हक लाग्ने सम्पत्ति उपभोग गर्नबाट बञ्चित गर्ने उद्देश्यले पीडक पक्षले बेचविखन गर्ने वा अन्य तरिकाले मास्ने संभावना भएमा स्थानीय तह, स्थानीय प्रशासन, प्रहरी कार्यालय वा सम्वन्धित कार्यालय लगायतसँग समन्वय गरी सम्पत्ति रक्षा गर्न पहल गर्ने,

(ञ) पीडित तथा प्रभावितहरुको पुनस्थापना पछिको अवस्थाका सम्बन्धमा नियमित सूचना संकलन गर्ने,

(ट) एक आर्थिक वर्षमा भएका घरेलु हिंसाका घटनाको प्रतिवेदन तोकिएको ढाँचामा तयार गरी मन्त्रालयले तोकेको निकायमा र प्रदेश प्रहरी कार्यालयमा पठाउने,

(ठ) पीडित, प्रभावित, साक्षी र पीडितका सहयोगीको सुरक्षाको व्यवस्था मिलाउने,

(ड) दफा ३ को उपदफा (५) बमोजिम पिडकबाट उपचार खर्च भराउन पहल गर्ने,

(ढ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

५. सुरक्षित आवास : (१) पीडित वा प्रभावित व्यक्तिलाई बसोवास गरिरहेको स्थानबाट तत्काल अलग्गै राख्नुपर्ने अवस्था देखिएमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा सामाजिक संघ संस्थाले सञ्चालन गरेको सुरक्षित आवासमा बस्ने व्यवस्था मिलाउनु पर्नेछ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि “सुरक्षित आवास” भन्नाले स्थायी वा अस्थायी आवास गृह, सेवा केन्द्र, पुनस्थापना गृह आदि समेतलाई जनाउँछ ।

(२) प्रदेश सरकारले स्थानीय तह वा कानून बमोजिम गठित संस्थासँग साझेदारी गरी सुरक्षित आवास स्थापना वा संचालन गर्न सक्नेछ ।

(३) अदालतमा मुद्धा दर्ता हुनुअघि नै पीडितसँग आश्रित वा प्रभावित व्यक्तिहरुलाई सुरक्षा, खाना, बालबालिकाको शिक्षा वा अन्य सहयोगको आवश्यकता परेमा सोको व्यवस्था प्रदेश सरकार, स्थानीय तह र सामाजिक संस्थासँग सहकार्य गरी गर्न सकिनेछ।

(४) प्रदेश सरकारले दीर्घकालीन पुनस्थापना गृह स्थापना गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम स्थापना हुने दीर्घकालीन पुनस्थापना गृहको आवश्यकता अनुसार शाखा विस्तार गर्न सकिनेछ।

(६) दीर्घकालीन पुनस्थापना गृह र सुरक्षित आवास सञ्चालन सम्बन्धी मापदण्ड र कार्यविधि तोकिए वमोजिम हुनेछ।

६. आर्थिक सहायता सम्वन्धी ब्यवस्था: (१) आर्थिक अवस्था कमजोर भएका पीडितलाई घरेलु हिंसासँग सम्बन्धित यस ऐन र प्रचलित कानून बमोजिम अदालतमा मुद्धा दर्ता गर्न प्रदेश सरकारले आर्थिक सहायता प्रदान गर्न सक्नेछ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि “आर्थिक सहायता” भन्नाले मुद्धा दर्ता, साक्षी बकपत्र, अदालत आउँदा-जाँदा लाग्ने यातायात तथा खाजा खर्च लगायत तोकिएका अन्य शीर्षकमा गरिने खर्चलाई जनाउँछ।

(२) यस दफा बमोजिम प्रदान हुने आर्थिक सहायता प्राप्त गर्न सम्बन्धित स्थानीय तहको सिफारिश पेश गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिमको आर्थिक सहायताको रकम प्रदेश सरकारले स्थानीय तहलाई उपलव्ध गराउन सक्नेछ ।

७. तालिम सम्वन्धी ब्यवस्था: (१) प्रदेश सरकारले दीर्घकालीन पुनस्थापना गृहमा रहेका पीडितहरुलाई रोजगारमूलक, आयमूलक, सीपमूलक तालिम प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तालिमको आवश्यकता पहिचान, विषय, अवधि, प्रशिक्षार्थि छनौट लगायतका मापदण्ड तोकिए बमोजिम हुनेछ ।

८. <u>प्रदेश स्तरीय दीर्घकालीन पुनस्थापना गृह सञ्चालक समितिः</u> (१) दफा ५ को उपदफा (६) बमोजिम स्थापना हुने दीर्घकालीन पुनस्थापना गृहको व्यवस्थापन गर्न एक व्यवस्थापन समिति रहने छ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरु रहने छन्:

| | |
|---|---|
| (क) सचिव, मन्त्रालय | अध्यक्ष |
| (ख) उप प्रमुख, पुन :स्थापना गृह संचालन हुने स्थानीय तह | सदस्य |
| (ग) महाशाखा प्रमुख, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| (घ) महाशाखा प्रमुख, भौतिक पूर्वाधार विकास मन्त्रालय | सदस्य |
| (ङ) महाशाखा प्रमुख, आन्तरिक मामिला तथा कानून मन्त्रालय | सदस्य |
| (च) महाशाखा प्रमुख, मन्त्रालय | सदस्य |
| (छ) समितिले तोकेको नागरिक समाजका एकजना विज्ञ महिला | सदस्य |
| (ज) संचालक, पुन : स्थापना गृह | सदस्य सचिव |

(३) उपदफा (२) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (२) (छ) बमोजिम मनोनित सदस्यको कार्यकाल २ वर्षको हुनेछ । तर त्यस्तो सदस्य एक पटक पुनः नियुक्त हुन सक्नेछ ।

५) दफा ५ (५) बमोजिम विस्तार हुने शाखा सञ्चालनका लागि देहाय बमोजिमको समिति रहनेछः

| | |
|---|---|
| (क) सम्बन्धित स्थानीय तहका उप-प्रमुख - | अध्यक्ष |
| (ख) सम्बन्धित स्थानीय तहको न्यायिक समितिका सदस्यहरु (दुई जना) | सदस्य |
| (ग) दफा ४ बमोजिमको संरक्षण अधिकृत | सदस्य |

(६) समितिले आफ्नो बैठक सम्बन्धी कार्यविधि आफै तय गर्नेछ ।

९. <u>गुनासो सुनुवाईसम्बन्धी व्यवस्थाः</u> (१) संरक्षण अधिकृत वा जिम्मेवार सरकारी अधिकारीले आफ्नो काम कर्तव्य इमान्दारीतापूर्वक पालना नगरेको भनी पीडित वा प्रभावितलाई लागेमा तोकिएको अधिकारी समक्ष गुनासो दर्ता गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम गुनासो दर्ता भएमा तोकिएको अधिकारीले यथाशीघ्र आवश्यक छानविन गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम छानविन गर्दा संरक्षण अधिकृत वा कुनै जिम्मेवार सरकारी अधिकारी दोषी पाईएमा निजलाई तोकिएको अधिकारीले तोकिए बमोजिम विभागीय कारवाही गर्न सक्नेछ ।

(४) गुनासो सुनुवाई र कारवाही सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०. संरक्षण कोष सम्वन्धी ब्यवस्थाः (१) प्रदेशमा एक घरेलु हिंसा पिडित संरक्षण कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछन् :

(क) संघीय र प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) कुनै स्वदेशी वा विदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) अन्य स्रोतबाट प्राप्त रकम,

११. कोष सञ्चालन सम्बन्धी व्यवस्थाः (१) कोषको संचालन दफा ८ बमोजिमको समितिले गर्नेछ

(२) उपदफा १ बमोजिम गठन हुने समितिले प्रत्येक महिना खर्चको फाँटवारी तयारी गरी सार्वजनिक गर्नुपर्नेछ ।

(३) कोषको संचालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२. समन्वय गर्न सकिनेः (१) मन्त्रालयले घरेलु हिंसा नियन्त्रणका लागि आवश्यकता अनुसार सरकारी निकाय, विकास साझेदार संस्था, नागरिक समाज, संचार क्षेत्र गैरसरकारी संस्था समेत सँग समन्वय गर्न सक्नेछ ।

(२) घरेलु हिंसा पीडित तथा प्रभावित व्यक्तिको प्रभावकारी संरक्षणका लागि सरोकारवाला निकायको सहयोग लिन सकिनेछ र त्यस्तो सहयोग पुर्याउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

१३. प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्नेः घरेलु हिंसाको कसूर मानिने कुनै काम कार्वाहीमा प्रचलित कानून बमोजिम मुद्दा चल्ने तथा सजाय हुने रहेछ भने त्यस्तो कानून बमोजिम मुद्दा चलाउन तथा सजाय गर्न यस ऐनले कुनै बाधा पुर्याएको मानिने छैन ।

१४. सामाजिक सांस्कृतिक अभियान संचालन गरिनेः (१) घरेलु हिंसा नियन्त्रण गर्नको लागि स्थानीय तहसँग समन्वय गरी सामाजिक सांस्कृतिक अभियान संचालन गरिनेछ ।

(२) घरेलु हिंसा विरुद्ध शुन्य सहनशिलता अवलम्बन गरिनेछ ।

१५. कानून व्यवसायी, दोभाषे र मनोसामाजिक परामर्शकर्ता सम्बन्धी व्यवस्थाः (१) अदालतमा घरेलु हिंसा अन्तर्गतको मुद्दाको सुनुवाइ हुँदा पीडितले माँग गरेमा प्रचलित कानून बमोजिम सम्बन्धित निकायले उपलव्ध गराउने कानून व्यवसायीका अतिरिक्त थप एकजना कानून व्यवसायी उपलव्ध गराउन सकिनेछ ।

(२) यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको काम कारबाहीमा प्रयोग हुने भाषा पीडितले नबुझ्ने भएमा सम्बन्धित अदालतको अनुमति लिई निजले दोभाषे वा अनुवादक राख्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम नियुक्त हुने थप कानून व्यवसायी र उपदफा (२) बमोजिम राखिएको दोभाषेको पारिश्रमिक र अन्य खर्च तोकिएको मापदण्डका आधारमा तोकिए बमोजिमको निकायले व्यहोर्नेछ ।

१६. प्रचलित कानून बमोजिम हुने: यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

१७. नियम बनाउने अधिकार: यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम र मन्त्रालयले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागु गर्न सक्नेछ।